# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु वीरेन्द्र प्रसाद साह कानु, सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव, उपेन्द्र कुशवाहा, निरंजन प्रसाद कुसवाहा, रामपाल दास र सन्ध्या देवी मु.नं (०७९-CR-०१६५) फैसला मिति २०८१।०१।१७ | संग्रहालय निर्माण कार्यमा झुट्टा बिलको आधारमा भुक्तानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरु तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सबईन्जिनियर उपेन्द्र कुशवाहाका हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) वमोजिम झुठा बिल बनाई भुक्तानी दिने कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरु सुरेश कुमार यादव, उपेन्द्र कुशवाहा, वीरेन्द्र प्रसाद साह कानु र सर्मेन्द्र प्रसाद चौधरीलाई बढी भुक्तानी दिएको रकम रु. ४,०२,९८०।२० (अक्षरेपि चार लाख दुई हजार नौ सय असी रुपैयाँ र पैसा बीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१) बमोजिम कैद एवम् जरिवाना गरी बिगो रकम असुल उपर हुन साथै प्रतिवादीहरु सुरेश कुमार यादव र उपेन्द्र कुशवाहाले उक्त संग्रहालय भवन निर्माण कार्यको गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसुर गरेको देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।<br>• **प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष निरंजन प्रसाद कुशवाहा, सचिव रामपाल दास र कोषाध्यक्ष सन्ध्या देवीका हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरु निरंजन प्रसाद कुशवाहा, रामपाल दास र सन्ध्या देवीलाई रु. ४,०२,९८०।२० (अक्षरेपि चार लाख दुई हजार नौ सय असी रुपैयाँ र पैसा बीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ।<br>**अदालतको फैसला**<br>प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर भई फैसला भएको पाइन्छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• अख्तियार दुरुपयोग अनुनसन्धान आयोगको टोलीले विवादको संग्रहालय भवन नापजाँच गर्दा नापी किताब तयार गर्ने प्रतिवादी उपेन्द्र कुशवाहलाई रोहबरमा राखेको नदेखिएको।<br>• प्रतिवादीहरु उपरको आरोप दावी विश्वसनीय एवम् ठोस सबुत प्रमाणबाट पुष्टि हुन नसकेको। | • प्रस्तुत मुद्दामा प्रतिवादीहरु **वीरेन्द्र प्रसाद साह कानु, सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव, उपेन्द्र कुशवाहा, निरंजन प्रसाद कुशवाहा, रामपाल दास र सन्ध्या देवी**लाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा देहायका जिकिर लिई पुनरावेदन गरिएको बेहोरा अनुरोध छः<br>• मधेश प्रदेश सरकारको सशर्त अनुदानबाट आ.व. २०७७/०७८ मा बारा जिल्ला सिम्रौनगढ नगरपालिका वडा नं. २ स्थित रानीवास संग्रहालयमा भवन निर्माण कार्यको लागि रकम विनियोजन गरिएकोमा सिम्रौनगढ नगरपालिकाबाट रु.२१,५६,२५८।१७ (अक्षरेपि एक्काइस लाख छपन्न हजार दुई सय अन्ठाउन्न रुपैया र पैसा सत्र) को लागत अनुमान स्वीकृत भएकोमा नगरपालिकाको तर्फबाट रु.१९,४०,०००।- (अक्षरेपि उन्नाइस लाख चालिस हजार) र जनसहभागिता बापत उपभोक्ता समितिबाट रु.२,१६,२५८।- (अक्षरेपि दुई लाख सोह्र हजार दुई सय अन्ठाउन्न) रकम लागत बेहोर्ने गरी सम्झौता बमोजिम उक्त निर्माण कार्य सम्पन्न भएको देखाई सबइन्जिनियरबाट नापी किताब, उपभोक्ता सम्बन्धी बिल तयार गरी इन्जिनियरबाट चेकजाँच गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएकोमा अन्तिम प्राविधिक मूल्याङ्कनको रकम रु. २१,४९,४५४।६६ (अक्षरेपि एक्काइस लाख उनन्चास हजार चार सय चौवन्न र पैसा छैसाठी) को मूल्याङ्कन गरी उपभोक्ता समितिको योगदान वापतको रकम कट्टा गरी रु. १९,३४,५०४।- (अक्षरेपि उन्नाइस लाख चौतिस हजार पाँच सय चार) भुक्तानी भएको देखियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिएको सि.डि.ई. मोहदत्त भट्टको टोलीले नाँपजाँच गरी मिति २०७९।०७।०३ मा पेश गरेको स्थलगत प्राविधिक प्रतिवेदन बमोजिम उक्त निर्माण कार्यको स्थलगत नाँपजाँच गर्दा नगरपालिकाबाट तयार गरिएको नापी किताबको तुलनामा ईटाको सोलिङ्ग कार्य, M15 (१:२:४) पि.सि.सी. कार्य र टायल लगाउने समेत तीनवटा निर्माण आइटममा बढी नापी देखाइएको तथा जस्तापाताको छाना, आलमुनियम कार्य र स्टिल रेलिङ्ग कार्य गरी थप तीनवटा निर्माण आइटमहरु निर्माणस्थलमा सम्पादन नभए तापनि सम्पादन भएको देखाई नापी किताव तयार गरी उक्त योजनाको प्राविधिक प्रतिवेदन समेत स्वीकृत गरी भुक्तानी दिइएको पाइएकोले सम्पादन नभएको निर्माण कार्यलाई सम्पादन भएको देखाई सिम्रौनगढ नगरपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई भए गरेको निर्माण कार्यको तुलनामा रु. ४,०२,९८०।२० (अक्षरेपि चार लाख दुई हजार नौ सय असी रुपैयाँ र पैसा बीस) बढी रकम बढी भुक्तानी दिई, इष्टिमेट बमोजिम काम नगरी नगराई कामको परिमाण समेत बढाई झुट्टा बिल बनाई एवम् गलत प्रतिवेदन समेत तयार गरी यी प्रतिवादीहरुले सरकारी रकम गैरकानुनी तरिकाले लिनुदिनु गरी भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि भएको अवस्थामा प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• बारा जिल्ला सिम्रौनगढ नगरपालिका वडा नं. २ स्थित रानीवास संग्रहालय भवन निर्माण कार्यको सम्झौतामा *आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित बिल भर्पाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपी तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित उपभोक्ता समितिले प्राप्त गर्नुपर्ने भुक्तानी वापतको अन्तिम किस्ताको लागि निवेदन पेश गर्नुपर्ने सहितको शर्तहरु रहेको देखिन्छ।* उक्त योजनाको अन्तिम भुक्तानी प्राप्तिको लागि उपभोक्ता समितिले सम्झौता बमोजिम पेश गर्नुपर्ने योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपि तथा सम्बन्धित वडा कार्यालयको सिफारिस लगायतको कागजात पेश नगरे तापनि कार्य सम्पन्न भएको भनी भुक्तानी दिनुमा नगरपालिकाका कर्मचारी तथा उपभोक्ता समितिका व्यक्तिहरु समेतको मिलेमतो तथा बदनियतपूर्वक निर्माण कार्यको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तुलनामा बढी रकम भुक्तानी भएको देखिँदा देखिँदै प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रस्तुत मुद्दामा फिल्ड प्रतिवेदन पेश गर्ने नेपाल सरकारका साक्षी मोहदत्त भट्टले अदालत समक्ष बकपत्र गर्दा "इटासोलिङ, पि.सि.सि. र टायलमा निर्माण स्थलमा वास्तविक रुपमा सम्पादन भएको परिमाण भन्दा बढी परिमाण नापी कितावमा समावेश गरी बढी रकम भुक्तानी दिइएको अवस्था देखिन्छ । बिल अनुसारको परिमाणमा निर्माण कार्य सम्पन्न भएको थिएन" भनी व्यहोरा खुलाएको देखिन्छ । उक्त वकपत्रवाट प्रतिवेदनमा उल्लेख गरेका विवरणहरू उनी स्वयंले तयार पारेको हुन्, प्रतिवेदनमा भएको हस्ताक्षर र सही छाप प्रमाणिक छन् भन्ने कुराको प्रमाणित गर्छ । साथै यस्तो स्पष्ट वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा ३ र १८ अनुसार अदालतमा प्रमाणका रूपमा ग्रहण गर्नु पर्ने हुन्छ, किनभने प्रतिवेदन पेश गर्ने व्यक्ति स्वयंले विवरण सत्य भएको पुष्टि गरेको साथै प्रतिवेदन तयार गर्नु उनको आधिकारिक पदीय दायित्व पनि हो ***(technical expert report under official duty***) भन्ने स्पष्ट देखिन्छ। यसरी प्राविधिक साक्षीको स्पष्ट, दृढ र स्वयंप्रमाणिक बयानको उपेक्षा गरी विशेषज्ञ रायको उपयुक्त उपयोग नगरी प्राविधिक प्रतिवेदनलाई पर्याप्त मूल्याङ्कन नगरी प्रमाणको गलत विश्लेषण गरी ***(misinterpretation of evidence)*** भएको फैसला त्रुटिपूर्ण छ ।साथै प्रमाण ऐन, २०३१ को दफा ३२ अनुसार, यस्ता साक्षीहरुलाई "न्याय निर्णयनको सहायताको निम्ति प्रयोग गर्न मिल्ने" आधार हदाहुदै विशेषज्ञ साक्षिको महत्व ***(Weight of Expert Testimony***) लाई वेवास्ता गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएको हुँदा बदरभागी छ ।<br>• जहाँसम्म अदालतबाट फैसला हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २३(३)(ग) मा *स्थलगत निरीक्षण वा प्राविधिक जाँचबुझ गर्नुपर्ने भए अनुसूची ६ को ढाँचामा स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन तयार गर्दा सम्बन्धित कार्यालयको भुक्तानी दिँदा नापजाँच गर्ने कर्मचारीलाई रोहबरमा राख्नुपर्ने* भन्ने व्यवस्थाका विपरीत सम्बन्धित कार्यालयका कर्मचारी उपेन्द्र कुशवाहलाई रोहबरमा नराखेर स्थलगत निरीक्षण मुचुल्का तयार गरिएको भनेर प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी फैसला गरिएको देखिन्छ । अदालतबाट भएको उक्त तथ्यको हकमा हेर्दा सिम्रौनगढ नगरपालिकाबाट रकम भुक्तानी हुनुपूर्व सोही नगरपालिकामा कार्यरत तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, इन्जिनयर सुरेश कुमार यादव र सबइन्जिनियर उपेन्द्र कुशवाहले स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदनमा हस्ताक्षर गरेकोमा मुद्दाको अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पुनः स्थलगत नापजाँच तथा प्राविधिक मूल्याङ्कन गरी तयार गरिएको स्थलगत मुचुल्का तथा प्राविधिक परीक्षण प्रतिवेदनमा सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी वीरेन्द्र प्रसाद साह कानु, इन्जिनियर प्रतिवादी सुरेश कुमार यादव तथा सोही नगरपालिकाका वडा नं २ का वडा अध्यक्ष अरविन्द कुमार समेतलाई रोहबरमा राखेको स्पष्ट देखिन्छ भने उक्त सम्झौता गर्ने प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, इन्जिनियर सुरेश कुमार यादवले सुरु नापजाँच गर्दा समेत स्थलगत रुपमा गई आफैंले नापजाँच गरी प्रतिवेदन दिएको देखिँदा निजलाई समेत रोहबर राखी आयोगको टोलीले स्थलगत मुचुल्का एवम् प्राविधिक प्रतिवेदन गरेको तथ्य पुष्टि भइरहको अवस्थामा केवल एकजना सबइन्जिनियरलाई मात्र रोहबरमा नराखेको भन्ने आधारमा सम्पूर्ण स्थलगत मुचुल्का र प्रविधिक प्रतिवेदनलाई Zero Value मा राखी प्रतिवादीहरुलाई सफाई दिने उद्देश्यले उक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को गलत व्याख्या गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• प्रस्तुत मुद्दामा विशेष अदालत काठमाडौंबाट उपलब्ध ठोस प्रमाणको उपयुक्त मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई आरोपदावीबाट नै सफाइदिने गरी भएको प्रस्तुत फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को उद्देश्य, संरचना र सिद्धान्त विपरीत रहेको भन्ने देखिन्छ । अनुसन्धानको क्रममा संकलित प्रमाणहरू,स्थलगत प्राविधिक प्रतिवेदन, झुट्टा नापी किताब, गलत कार्यसम्पन्न प्रतिवेदन र बढी भुक्तानी भएका बिलहरूको समष्टिगत मूल्याङ्कन गर्दा प्रतिवादीहरूको कार्यले ***सरकारलाई हानि र आफूहरूलाई लाभ पुर्याउने नियत (Constructive Malice)*** देखिन्छ साथै सार्वजनिक निकायको कोषमा स्पष्ट अनियमितता देखिएको अवस्थामा ***public accountability*** वहन गर्नुपर्ने पदमा रहेका यी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीहरुमा ***Burden Shifting Principle*** अनुसार प्रमाणको भार समेत प्रतिवादीहरूले नै पुर्याउनुपर्ने कानूनी एवं सैद्धान्तिक व्यवस्था रहेकोमा सो कुरालाई अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण छ। पारदर्शिता, जवाफदेहिता र सार्वजनिक सम्पत्तिको संरक्षण लाई भ्रष्टाचार ऐनको आत्मा मानी अदालतले व्याख्या गर्नुपर्नेमा ***Purposive Interpretation Doctrine*** विपरीत र योजनाको कार्यान्वयनमा संलग्न सबै पक्षको समुहगत *संलग्नता* ***"Chain of Responsibility"*** सिद्धान्तअन्तर्गत हेर्नुपर्नेम, अदालतले आ-आफ्नो पदीय कर्तव्य पूरा नगरेका प्रतिवादीहरूलाई सफाइ दिई भ्रष्टाचार निवारण नियन्त्रणको मूल मर्मविपरीत भएको प्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा प्रस्तुत मुद्दाका प्रतिवादीहरु **वीरेन्द्र प्रसाद साह कानु, सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव, उपेन्द्र कुशवाहा, निरंजन प्रसाद कुशवाहा, रामपाल दास र सन्ध्या देवी**लाई आरोप मागदाबी बमोजिम सजाय हुन समेतको जिकिर लिई यो पुनरावेदनपत्र पेश गरिएको बेहोरा सम्मानित अदालत समक्ष अनुरोध छ । |